# म्याग्दे गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः७ संख्याः१६ प्रकाशन मितिः२०८०/०९/१७

**भाग-२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम म्याग्दे गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**म्याग्दे गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७५ लाई दोस्रो संशोधन गर्न बनेको कार्यविधि - २०८०**

गाउँपालिकाबाट स्वीकृत मितिः२०८०/०९/१६

म्याग्दे गाउँपालिका, तनहुँ

# म्याग्दे गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि २०७५ लाई दोश्रो संशोधन गर्न बनेको कार्यविधि – २०८०

म्याग्दे गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि २०७५ लाई दोश्रो संशोधन गर्न वाञ्छनीय भएकोले ,

म्याग्दे गाउँपालिकाको मिति २०८०।०९।१६ को गाउँ कार्यपालिकाले देहाय बमोजिमको कार्यविधि स्वीकृत गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस कार्यविधिको नाम म्याग्दे गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी (दोश्रो ) संशोधन कार्यविधि २०८० रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. म्याग्दे गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि २०७५ मा नाम संशोधनः**

म्याग्दे गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि २०७५ रहेकोमा म्याग्दे गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी वाक्यांस पछि तथा अप्राविधिक कर्मचारी वाक्यांश थप गरिएको ।

**३. म्याग्दे गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि २०७५ को दफा २ को (ङ) मा संशोधनः**

प्राविधिक कर्मचारी वाक्यांश पछि तथा अप्राविधिक कर्मचारी शव्द थप त्यसै गरी प्राविधिक सेवा वाक्यांश पछि अप्राविधिक सेवा थप गरिएको ।

**४, म्याग्दे गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि २०७५ को दफा ३ को उपदफा १ र उपदफा २ मा संशोधनः**

दफा १ मा प्राविधिक कर्मचारी वाक्यांश पछि तथा अप्राविधिक कर्मचारी शव्द थप, दफा २ को (छ) भन्ने वाक्यांशमा (च) र (च) पछाडी (छ) थप गरी स्थानीय प्रशासन सेवा ( साहायक चौथो सामाजिक परिचालक, साहायक चौथो खरिदार, साहायक चौथो गणक, प्रथम तह हलुका सवारीचालक, श्रेणि विहिन कार्यालय सहयोगी, अमानत सहयोगी ) भन्ने वाक्यांश थप गरिएको ।

**५. म्याग्दे गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि २०७५ को दफा ४ को प्रारम्भीक व्याख्या साथै सोही दफा ४ को उपदफा ३ को खण्ड (क) र (ख) मा संशोधनः**

प्रारम्भीक व्याख्यामा दफा ३ बमोजिमका प्राविधिक कर्मचारी भन्ने वाक्यांश पछि तथा अप्राविधिक कर्मचारी शव्द थप, सोही दफा ४ को उपदफा ३ को (क) को अन्तिम वाक्यांश पछि सवारी चालक को हकमा कक्षा ८ उर्तिण भई ४५ वर्ष ननाघेको , कार्यालय सहयोगी, र अमानत सहयोगी को हकमा कक्षा ५ उर्तिण भई ४५ वर्ष ननाघेको, गणक को हकमा एस.ई ई उर्तिण गरी ४५ वर्ष ननाघेको र अन्य सवै पदमा ४० वर्ष ननघेको भन्ने वाक्यांश थप गरिएको सोही उपदफा ३ को (ख) को अन्तिम वाक्याशं पछि कार्यअनुभवको अङ्क गणना गर्दा गाउँपालिका भित्र, वडा,

म्याग्दे गाउँपालिका, तनहुँ

विषयगत शाखा समेतमा कार्यरत रहेकाको हकमा जुनसुकै पद तथा तहमा कार्यरत रहेको भएता शैक्षिक योग्यता मिल्ने पदमा निजले आवेदन गरेमा प्रर्ति वर्ष २ अङ्क का दरले अङ्क गणना गर्ने साथै गाउँपालिका वाहीर जुन सुकै सरकारी कार्यलयमा कार्यरत को हकमा सो सरह अर्थात समान तह वा पदमा कार्यरतको हकमा मात्र प्रर्ति वर्ष २ अङ्क का दरले अङ्क गणना गर्ने सरकारी वाहेक निजी क्षेत्रमा कार्यरतको हकमा अनुभवको अङ्क गणना नहुने भन्ने वाक्यांश थप गरिएको ।

**सोही दफा ४ को उपदफा ३ (घ) पछि (ङ) थप गरिएको**

ङ. प्रयोगात्मक अङ्क ८ ( आठ) ( सवारीचालकको हकमा )

**६. म्याग्दे गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि २०७५ को दफा ४ को उपदफा ४ पछि उपदफा ५ थप गरि संशोधनः**

गणक, अमानत सहयोगी करार र कार्यालय सहयोगीकोको हकमा सामान्य प्रमाणपत्र परिक्षण पश्चात २० अङ्कको अन्तरर्वाता मुल्याङ्कनबाट मात्र अन्तिम नतिजा प्रकाशन गरिने छ । सवारी चालकको हकमा फायल अध्यन सुचिकृत अङ्क, प्रयोगात्मक अङ्क र अन्तरवार्ता मुल्याङ्कनको अङ्क समेतको कुल जोड बाट अन्तिम नतिजा प्रकाशन गरिनेछ, सो वाहेक अरु सवै पदको हकमा फायल अध्यन तथा सुचिकृत गरी सो को मुल्याङ्कन पश्चात दोश्रो चरणमा ५० (पचास ) अङ्कको वस्तुगत लिखित परिक्षा सञ्चालन हुनेछ । जस्को पाठ्यक्रम करार पदपुर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ । साथै तेश्रो चरणमा २० अङ्कको अन्तरवार्ता मुल्याङ्कन हुनेछ , तिनै चरणको मुल्याङ्कन अन्तर्गत क्रमश फायल अध्यन मुल्याङ्कन सुचिकृतको अङ्क, लिखित परिक्षाको अङ्क र अन्त्रतवार्ता मुल्याङ्कनको अङ्क समेतको कुल जोडवाट अन्तिम नतिजा प्रकाशन गरिनेछ । भन्ने वाक्यांश राखीएको छ ।

आगाले
नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकिय अधिकृत

म्याग्दे गाउँपालिका, तनहुँ